आज मिति २०७८ साल पुष महिनाको १३ गते मंगलबारको दिन बिहान ९:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ११३ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी :-**

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७८/०९/१२ गते नगर प्रमुखज्यूबाट मिति २०७८/०९/१३ गतेको नगर कार्यपालिकाको ११३ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>आठौं नगर सभा सम्बन्धमा ।</td><td>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ को दफा १९ मा भएको व्यवस्था बमोजिम यस दक्षिणकाली नगरपालिकाको आ.ब.०७८/०७९ को लागि वार्षिक बजेट संशोधन, ऐन कानूनहरु तर्जुमाको लागि सभाको बैठक नगर प्रमुखले बोलाउने व्यवस्था भए अनुरुप एवं सबै जनप्रतिनिधिहरुको माग समेतलाई सम्बोधन गर्दै २०७८ पुष २८ गते ११ बजे नगरपालिकाको सभाहलमा बस्ने गरी सम्बन्धित सबैलाई सुचना गर्ने ।</td></tr>
<tr><td>२.</td><td>६०/४० अन्तर्गतको आयोजना सञ्चालन सम्बन्धमा ।</td><td>• चालु आ.ब.को पूर्वाधार निर्माण ६०/४० योजना तर्फबाट सञ्चालन हुने गरी यस नगरपालिकामा पेश भएका देहायका योजनाहरु स्वीकृत गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं.</th><th>योजनाको विवरण</th><th>लागत अनुमान</th><th>नगरपालिकाले बेहोर्ने रकम</th><th>उपभोक्ताले बेहोर्ने रकम</th></tr>
<tr><td>१</td><td>७</td><td>क्रियापुत्री भवन निर्माण</td><td>रु.७,९१,४०७।३१</td><td>रु.४,७४,०००।-</td><td>रु.३,१७,४०९।-</td></tr>
<tr><td>२</td><td>३</td><td>सेतिदेवी स्कुल वाल निर्माण</td><td>रु.१०,७७,१६१।४१</td><td>रु.६,२५,०००।-</td><td>रु.४,५२,१६१।४१</td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>संघीय समपुरक र विशेष आयोजना सम्बन्धमा ।</td><td>• आ.ब.०७९/०८० को लागि समपुरक कोषतर्फ नेपाल सरकार राष्ट्रिय योजना आयोगमा नगर सभामा पेश भएका आयोजनाहरु मध्ये यस नगरपालिकाको समपुरक कोषबाट ५० प्रतिशत लागत सहभागिता हुने गरी तीन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. दक्षिणकाली बृहत खानेपानी आयोजना (क्रमागत), द.न.पा.५, ६ र ९<br>२. डाडिखेल पार्क, द.न.पा.९<br>• आ.ब.०७९/०८० को लागि विशेष अनुदानतर्फ नेपाल सरकार राष्ट्रिय योजना आयोगमा नगर सभामा पेश भएका आयोजनाहरु मध्ये यस नगरपालिकाबाट तीन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षीय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. सेतीदेवी बृहत खानेपानी तथा सरसफाई आयोजना (क्रमागत), द.न.पा.३ र ४<br>२. सातमूल मुहान संरक्षण आयोजना, द.न.पा.४</td></tr>
<tr><td>४.</td><td>आ.व.०७८/७९ का लागि वेरोजगार सूचिकरण तथा रोजगार आयोजनाहरुको सम्बन्धमा ।</td><td>• मिति २०७८/०७/२३ गते बसेको स्थानीय निर्देशक समितिले सिफारिश गरेका १७९ जनालाई आ.व.०७८/७९ का लागि सोही प्राथमिकताक्रम बमोजिम वेरोजगारको सूचीमा सूचीकरण गर्ने र वेरोजगारहरुको सूची सार्वजनिकरण गर्ने ।<br>• आ.व.०७८/७९ का लागि यस नगरपालिकाको रोजगार बैंकमा रहेका आयोजनाहरु आवश्यकता र औचित्यताका आधारमा विनियोजित बजेटको परिधिभित्र रही ज्याला बाहेकको रकमका लागि नगरपालिकाबाट विनियोजित दश लाख रुपैयाँबाट खर्च गर्ने गरी कार्यान्वयन गर्ने ।<br>• वेरोजगारहरु रहेको वडामा आयोजना संचालन नभएमा नजिकका वडामा संचालन हुने आयोजनामा काममा लगाउन सक्ने गरी स्वीकृति प्रदान गर्ने ।</td></tr>
</table>

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

- कानूननमा अन्यथा व्यवस्था नभएसम्मका लागि वेरोजगार व्यक्तिहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बमोजिम दैनिक रु.५७७।-का दरले ज्याला प्रदान गर्ने ।

५. विविध ।

- चालु आ.ब.०७८/०७९ मा सञ्चालन हुने गरी सम्बन्धित वडा कार्यालयहरुको सिफारिसबाट तथा उपभोक्ताहरु मार्फत् माग भई आएका देहाय बमोजिमका आयोजनाहरुमा निम्नानूसारका शिर्षकबाट रकम विनियोजन गरी सम्झौता गर्ने ।

| क्र.सं. | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजित शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | नौमुले खानेपानी पाईपलाईन बिस्तार | द.न.पा.५ | मर्मत सम्भार | रु.६६,०००।- |
| २. | कुस्लेगाउँ मोटर बाटो ढलान | द.न.पा.१ | मर्मत सम्भार | रु.५,००,०००।- |
| ३. | ईटामाट धारा मर्मत | द.न.पा.७ | मर्मत सम्भार | रु.५०,०००।- |
| ४. | देउराली भैरव मन्दिर पूर्वाधार | द.न.पा.८ | नगर प्रुखसँग सँस्कृति संरक्षण कार्यक्रम | रु.३,००,०००।- |
| ५. | लामाटोल मोटरबाटो ढलान तथा मर्मत | द.न.पा.८ | मर्मत सम्भार | रु.५,००,०००।- |
| ६. | चौकीटोल खानेपानी आयोजना | द.न.पा.८ | मर्मत सम्भार | रु.७५,०००।- |
| ७. | अखौंले खानेपानी आयोजना | द.न.पा.८ | मर्मत सम्भार-प्रदेश सरकार | रु.३,४०,०००।- |
| ८. | शेरोटोल खानेपानी आयोजना (सामग्री खरिद) | द.न.पा.८ | मर्मत सम्भार-प्रदेश सरकार | रु.४,५०,०००।- |
| ९. | टल्कु सिम खानेपानी आयोजना (सामग्री खरिद) | द.न.पा.९ | मर्मत सम्भार | रु.५,००,०००।- |

- आ.ब.०७७/०७८ मा नगर स्तरिय, वडा स्तरिय तथा कार्यपालिकाबाट स्वीकृत भई यस नगरपालिकामा सम्झौता भईसकेका क्रमागत आयोजना तथा कार्यक्रमहरु २०७८ पुष १५ गते सम्म सम्पन्न गरि सक्नु पर्ने गरी म्याद थप गर्ने ।

भोला प्रसाद वाग्लाई
प्रमुख प्रशासकीय अधिकृत